# विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा निर्देशिका, २०८१

(माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीस्तरको मिति २०८१ मङ्सिर ९ गतेको निर्णयबाट स्वीकृत)

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौ
२०८१

डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

# विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा निर्देशिका, २०८१

प्रस्तावनाः विद्यालय स्वास्थ्य माध्यमबाट स्वास्थ्य जीवनशैली, सन्तुलित तथा पोषिलो आहार, वातावरण तथा व्यक्तिगत सरसफाई, किशोर किशोरीको यौन तथा प्रजनन स्वास्थ्य सुधार, किशोरीहरुको महिनावारी व्यवस्थित, मानसिक स्वास्थ्य प्रवर्धन एवम जटिल स्वास्थ्य समस्याको समयमा प्रेषण पद्धतीद्वारा विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रमलाई व्यवस्थापन गरी विद्यार्थी, शिक्षक र अन्य कर्मचारीहरुको स्वास्थ्य प्रवर्धन गर्ने र स्वास्थ्य प्रवर्धानात्मक विद्यालय, स्वास्थ्य शिक्षा मैत्री वातावरण सृजना गर्न वाञछनिय भएकाले, जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ बमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यो निर्देशिका, बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (क) यस निर्देशिकाको नाम "विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम निर्देशिका, २०८१" रहेको छ।

(ख) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **"विद्यालय"** भन्नाले सार्वजनिक र संस्थागत (निजी) विद्यालयलाई सम्झनु पर्दछ।

(ख) **"सार्वजनिक विद्यालय"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत संचालित वा प्रचलित कानून बमोजिमको सामुदायिक विद्यालय सम्झनु पर्दछ।

(ग) **"संस्थागत विद्यालय"** भन्नाले निजी लगानीमा स्थापना वा संचालन भएको वा प्रचलित कानून बमोजिमको संस्थागत विद्यालय सम्झनु पर्दछ।

(घ) **"विद्यालय स्वास्थ्य कार्यक्रम"** भन्नाले विद्यार्थी, शिक्षक र अन्य कर्मचारीहरुको स्वास्थ्य प्रवर्धन गर्ने र स्वास्थ्य प्रवर्द्धनात्मक विद्यालय तथा स्वास्थ्य शिक्षा मैत्री वातावरण सृजना गर्ने कार्यक्रम सम्झिनु पर्दछ।

(ङ) **"विद्यालय नर्स"** भन्नाले दफा ९ बमोजिम नियुक्ति गरिएको विद्यालय नर्स सम्झनु पर्छ।



डा. रोशन पोखरेल (१८२४१५)
सचिव

(च) **"हेल्थ एम्बेसडर"** भन्नाले विद्यालय स्वास्थ्य कार्यक्रम कार्यान्वयन गर्न सहयोग पुर्याउने सामुदायिक तथा संस्थागत विद्यालयको विद्यार्थीहरु मध्ये छनौट भएका विद्यार्थी बुझ्नु पर्दछ।

(छ) **"समन्वय समिति"** भन्नाले दफा २० बमोजिम गठन भएको स्थानीय विद्यालय स्वास्थ्य समन्वय समिति सम्झिनु पर्दछ।

(ज) **"विद्यालय स्वास्थ्य इकाई"** भन्नाले स्वास्थ्य सम्वन्धी कामकार्वाही गर्न स्थापित दफा २१ को उपदफा (क) बमोजिम गठन भएको विद्यालयको स्वास्थ्य इकाई सम्झनु पर्दछ।

(झ) **"स्थानिय स्वास्थ्य संस्था"** भन्नाले विद्यालय भएको वडामा रहेका सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य प्रवर्धन केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल वा त्यस्तै प्रकृतिको अन्य स्वास्थ्य संस्था सम्झिनु पर्छ।

(ञ) **"मन्त्रालय"**भन्नाले नेपाल सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ

(ट) **"विभाग"** भन्नाले मन्त्रालय अन्तर्गतको स्वास्थ्य सेवा बिभाग सम्झनु पर्दछ ।

(ठ) **"महाशाखा"** भन्नाले विभाग अन्तर्गतको नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा सम्झनु पर्दछ

(ढ) **"स्वास्थ्य प्रवर्धनात्क विद्यालय"** भन्नाले दफा ६ र अनुसूची ४ बमोजिमको मापदण्डहरु पुरा गरेको विद्यालयहरुलाई सम्झनु पर्दछ।

## परिच्छेद २

## विद्यालय स्वास्थ्य कार्यक्रमको उद्देश्य र संचालन

**३. विद्यालय स्वास्थ्य कार्यक्रमका उद्देश्यहरुः** विद्यालय स्वास्थ्य सेवा कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम हुनेछन्

(क) किशोर किशोरीको यौन तथा प्रजनन् स्वास्थ्य प्रवर्धन गर्ने र महिनावारी स्वास्थ्य व्यवस्थापन गर्ने,

(ख) विद्यालय तहबाटै वालवालिकाहरुलाई स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्ने,

(ग) प्रत्येक सामुदायिक र संस्थागत विद्यालयहरुलाई "स्वास्थ्य प्रवर्धनात्मक विद्यालय" को रुपमा क्रमश प्रमाणिकरण गर्ने,

(घ) विद्यालय तहबाट आधारभुत स्वास्थ्य तथा पोषण सेवाको पहुँच पुर्याउने,



डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

(ङ) स्वस्थ, सफा र स्वस्थ्य सिकाइ मैत्री वातावरण तयार गर्नु,

(च) व्यवहार परिवर्तनमा आधारित स्वास्थ्य शिक्षा प्रदान गर्ने,

(छ) स्वास्थ्यसंग सम्बन्धित विद्यालय कार्यक्रमहरु कार्यान्वयन गर्ने,

(ज) विद्यालय उमेरका वालवालिकाहरुको मानसिक स्वास्थ्य प्रवर्धन गर्ने,

(ञ) विद्यालय परिसरमा स्वास्थ्य सेवा, प्राथमिक उपचार र आपतकालिन स्वास्थ्य सेवाहरूको व्यवस्था गरी विद्यार्थीहरूको तत्काल स्वास्थ्य समस्याहरूको समाधान गर्ने,

(ट) समयमा नै स्वास्थ्य समस्याको पहिचान तथा रोकथाम गरी जटिलता देखिएमा समयमा नै सम्बन्धित अस्पताल प्रेषण गर्ने वातावरणको विकास गर्ने,

(ठ) स्वास्थ्यको कारण विद्यार्थीहरुको विद्यालय छोड्ने दर (Drop out rate) र अनुपस्थिति घटाउन सहयोग गर्ने,

(ड) प्रजनन स्वास्थ्य शिक्षाको माध्यमबाट प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार र सेवबारे ज्ञान प्रदान गर्ने,

(च) स्वस्थ जीवनशैलीका लागि योग, ध्यान, रैथाने असल खानपान,जलवायु अनुकूल, सुरक्षित खेलकुद र शारीरिक गतिविधिहरूको आयोजना गरेर विद्यार्थीहरूको शारीरिक र मानसिक स्वास्थ्यमा सुधार ल्याउने।

**४.विद्यालय स्वास्थ्य कार्यक्रमको संचालन तथा व्यवस्थापनः** विद्यालय स्वास्थ्य कार्यक्रमको संचालन तथा व्यवस्थापन देहाय बमोजिम हुनेछः

(क) विद्यालय स्वास्थ्य कार्यक्रमको सञ्चालन र व्यवस्थापन गर्न प्रत्येक विद्यालयमा अनुसूची १ बमोजिम मूल्याङ्कन र छनौट गरी कम्तिमा १ जना विद्यालय नर्स राखु पर्नेछ ।

(ख) विद्यार्थीहरुको सँख्या १,००० भन्दा माथि भएको खण्डमा थप एक जना विद्यालय नर्स राख्न सकिनेछ।

(ग) कार्यक्रम संचालन गर्न सम्वन्धित स्थानिय तह र विद्यालय बीच अनुसूची २ बमोजिम सम्झौता गरी कार्यक्रम संचालन गर्नुपर्नेछ ।

डा. रोशन पोखरेल
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

(घ) यस कार्यक्रम संचालन गर्न आवश्यक अनुसूची ३ बमोजिमको औषधीजन्य सामाग्रीको खरिद स्थानिय तहले गर्नुपर्नेछ र सो सामाग्री अपुग भएको अवस्थामा स्थानिय तहले नै ब्यबस्था गर्नुपर्नेछ।

(ङ) यस कार्यक्रम संचालन गर्न स्थानिय तहको स्वास्थ्य महाशाखा/शाखा/इकाईमा कार्यरत नर्सिङ्ग कर्मचारीलाई संयोजक (फोकल पर्सन) को जिम्मेवारी तोक्नु पर्नेछ।

**५. संस्थागत विद्यालयमा कार्यक्रम संचालनः**

(१) संस्थागत विद्यालयको हकमा स्थानीय सरकार र जन/स्वास्थ्य/स्वास्थ्यसेवा कार्यालयसंगको समन्वयमा तोकिएको मापदण्ड अनुरुप विद्यालय नर्स नियुक्ति विद्यालय आफैले गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्था गरिएका नर्सका लागि आवश्यक तालिम, औषधी उपकरण विद्यालय स्वयंले व्यवस्थापन गर्नु पर्नेछ। स्थानीय तह र जिल्ला जन/स्वास्थ्य कार्यालयको समन्वयमा उपलब्ध औषधी तथा औषधीजन्य सामाग्रीहरु प्राप्त गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम विद्यालय नर्सको व्यवस्था र औषधी तथा औषधीजन्य सामान आपूर्ति गरेको आधारमा विद्यालयहरुले विद्यार्थीहरुबाट अतिरिक्त शुल्क लिन पाईने छैन।

## परिच्छेद ३

## स्वास्थ्य प्रवर्धनात्मक विद्यालयको मापदण्ड, प्रमाणिकरण समिति र प्रकृया

**६. स्वास्थ्य प्रवर्धनात्मक विद्यालयको मापदण्ड सम्बन्धी व्यवस्थाः**

(१) स्वास्थ्य प्रवर्धनात्मक विद्यालय प्रमाणित गर्न अनुसूचि (४) बमोजिमका मापदण्ड तथा सुचकहरु पुरा भएको हुनुपर्नेछ ।

(२) विद्यालयलाई स्वास्थ्य प्रवर्धानात्मक विद्यालयको रुपमा विकास गर्न राष्ट्रिय नीति बमोजिम बजेट सुनिश्चित भएको हुनुपर्नेछ।

डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

(३) विद्यालयले स्वास्थ्य प्रवर्धनात्मक विद्यालय बनाउने नीति, योजना तथा कार्यक्रमहरु निर्माण गरेको साथै विद्यालयका कर्मचारी, अभिभावक र सरोकारवाला निकायहरुलाई उक्त योजना र कार्यक्रममा बनाउनु पर्नेछ ।

(४) विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा अन्य कर्मचारीहरुले स्वास्थ्य प्रवर्धनात्मक विद्यालय बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेछ ।

(५) विद्यालय परिसर भित्र शिक्षक, विद्यार्थी र अन्य कर्मचारी, विद्यालय र अभिभावकहरु बीच निरन्तर संवाद, छलफल र साथै विद्यालय बाहिर समुदाय/स्थानीय तहसँग विद्यालयको योजना र कार्यक्रमहरुमा सहभागीता र समन्वय गराउनु पर्नेछ।

(६) विद्यालयको पाठ्यक्रममा विद्यार्थीहरुको स्वास्थ्य प्रवर्धन गर्ने शारीरिक, सामाजिक, भावनात्मक र मनोसामाजिक विषयवस्तुहरु समावेश गर्नु पर्नेछ।

(७) विद्यालयमा हरेक विद्यार्थीहरुका लागि समान सम्मान, सहभागीता अवसर, समावेशीकरण र सामाजिक भावनात्मक वातावरण सृजना गर्नु पर्नेछ।

(८) राष्ट्रिय नीति अनुसार विद्यालयका शिक्षक, कर्मचारी र विद्यार्थीहरुका लागी सुरक्षित र मैत्री वातावरण निर्माण हुनुपर्नेछ।

(९) राष्ट्रिय स्वास्थ्य शिक्षा नीति अनुसार विद्यालयमा स्वास्थ्य कार्यक्रम संचालन भएको र स्वास्थ्य सेवाको पहुँचमा सहजता भएको हुनुपर्नेछ।

७. प्रमाणिकरण समितिः(क) स्वास्थ्य प्रवर्धनात्मक विद्यालय प्रमाणिकरण गर्न सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालयको नेतृत्वमा देहाय बमोजिमको समिति रहनेछः

| | |
|---|---|
| क) कार्यालय प्रमुख, जन/स्वास्थ्य कार्यालय | संयोजक |
| ख) प्रतिनिधि, शिक्षा, विकास र समन्वय इकाई | सदस्य |
| ग) प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालय | सदस्य सचिव |

<u>समितिको काम, कर्तव्य र अधिकारः</u>

(१) स्थानीय तहबाट प्राप्त सिफारिसको आधारमा स्वास्थ्य प्रवर्धनात्मक विद्यालयको मापदण्ड अनुसार समितिले स्थलगत अनुगमन गर्न सक्नेछ ।

डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

(२) अनुसुची ४ बमोजिम अनुगमन र मूल्याङ्कन गरी हरेक मापदण्डमा ६० प्रतिशत अंक प्राप्त गरेमा उक्त विद्यालयलाई स्वास्थ्य प्रर्वधनात्मक विद्यालय प्रमाणिकरण गरी उक्त विद्यालयलाई प्रमाण पत्र उपलब्ध गर्नु पर्नेछ।

(३)प्रत्येक तीन वर्षमा पुनः स्थलतगत अनुगन गरी प्रमाण पत्र नविकरण गर्नु पर्नेछ।

**८. प्रमाणिकरणका लागि आवेदन दिने प्रक्रियाः**

क) विद्यालयले स्वास्थ्य प्रवर्धनात्मक विद्यालयको मापदण्ड अनुसार स्वमूल्याङ्कन गरी स्थानीय तहमा प्रमाणिकरण गरी पाँउ भनी निवेदन पेश गर्नुपर्नेछ। उक्त निवेदन र स्वमूल्याङ्कनको आधारमा वा स्थानीय तहले अनुगमन गरी प्रमाणिकरणका लागि सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यलयलाई सिफारिस पत्र प्रदान गर्न सक्नेछ।

ख) खण्ड (क) अनुसार प्राप्त सिफारिसको आधारमा दफा ७ बमोजिम प्रमाणिकरण समितिले स्थलगत अनुगमन गरी प्रतिवेदन तथा सम्बन्धित दस्तावेजको आधारमा सम्बन्धित विद्यालयलाई स्वस्थ्य प्रवर्धनात्मक विद्यालय प्रमाणिकरण गर्नुपर्नेछ।

## परिच्छेद ४

## विद्यालय नर्स सम्वन्धी व्यवस्था

**९. विद्यालय नर्सको छनौटः** विद्यालय नर्सको छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिमको हुनेछ।

(क) स्थायी दरवन्दी सृजना नभएसम्म स्थानीय तहले करार सेवामा विद्यालय नर्स भर्ना गर्न सक्नेछ । भर्ना गर्नको लागि अनुसूची ५ बमोजिमको ढाँचामा कम्तिमा पन्ध्र दिनको म्याद राखी स्थानीय तहले बिज्ञापन प्रकाशन गर्नुपर्नेछ ।

(ख) उम्मेदवारले अनुसूची ६ बमोजिमको दरखास्त फारमको नमुना भरी सम्वन्धित स्थानीय तहमा तोकिएको म्याद भित्र निवेदन पेश गर्नुपर्नेछ ।

(ग) निवेदन दस्तुर सम्वन्धित स्थानिय तहले तोक्न सक्नेछ ।

डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

(घ)उपदफा (ख) बमोजिम पर्न आएका निवेदनहरु उपर स्थानीय तहमा रहेको पदपूर्ति समितिले अनुसूची १ बमोजिम मुल्यांकन गरी छनौट गर्नुपर्नेछ ।

(ङ) सम्वन्धित स्थानीय सरकारको पदपूर्ति समितिले सवैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको नामको सुची र तोकिएको विद्यालयको नाम समेत प्रकाशन गर्नुपर्नेछ ।

**१०. करार गर्ने र करार अन्त्य गर्नेः** करार गर्ने र करार अन्त्य गर्ने सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) सिफारिस गरेको मुख्य उम्मेदवारलाई ७ दिनको म्याद दिई सम्वन्धित स्थानीय तहले करारनामा गर्न सूचना प्रकाशन गर्नुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिम अवधि भित्र करार सम्झौता गर्न आउने मनोनित उम्मेदवारसंग अनुसूची ७ बमोजिमको ढाँचामा नियुक्ति पत्र दिनुपर्नेछ ।उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः बैकल्पिक उम्मेदवारलाई सूचना दिई करारमा नियुक्ति गर्न सक्नेछ ।

(घ) एक आर्थिक बर्षको निम्ति करारमा लिएको विद्यालय नर्सलाई अर्को वर्ष निरन्तरताको लागि विदयालय समन्वय समितिले गरेको कार्य सम्पादन मूल्याङ्कनको आधारमा सन्तोषजनक देखिएमा नविकरण गर्न सकिनेछ। विद्यालय नर्सको कार्य सन्तोषजनक नदेखिएमा सफाईको मौका दिई निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा जुनसुकै समयमा पनि सम्बन्धित स्थानीय तहले निज सँगको करारनामा अन्त्य गर्न सक्ने छ।

(ङ) विद्यालय नर्सले करार निरन्तरता गर्न नचाहेमा कम्तिमा एक महिना अगाडी विद्यालयमा लिखित रुपमा जानकारी गराउन पर्नेछ । यसरी जानकारी नगराई करार अन्त्य गरी काम छाडेमा त्यस्तो ब्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिइने छैन।

(च) अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**११. विद्यालय नर्सको काम, पारिश्रमिक र क्षमता अभिबृद्धिः**

(क) विद्यालय नर्सको काम, कर्तब्य र अधिकार अनुसूची ८ बमोजिम हुनेछ ।

डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

(ख) यस निर्देशिका बमोजिम करार सम्झौता गरीएका विद्यालय नर्सको मासिक पारिश्रमिक स्वास्थ्य सेवाको सहायक पाँचौ तहको शुरुको स्केल बमेजिम हुनेछ ।

(ग) विद्यालय नर्सले महिना भरि गरेका कामको प्रतिवेदन र रुजु हाजिर प्रमाणित गरी विद्यालयले सम्वन्धित स्थानिय तहलाई पठाए पछी स्थानीय तहले विद्यालय नर्सको बैंक खातामा तलव बराबरको रकम पठाउनु पर्नेछ ।

(घ)खण्ड (ख) बमोजिम नियुक्त गरीएका विद्यालय नर्सको अभिमुखिकरण तालिम महाशाखासंगको समन्वयमा स्थानीय तहले संचालन गर्नुपर्नेछ ।

(ङ) विद्यालय नर्सको कार्यक्षेत्रसंग सम्वन्धित क्षमता बिकाससंग सम्वन्धित तालिममा प्रदेश र स्थानीय तहले विद्यालय नर्सलाई सहभागी गराउनु पर्नेछ ।

(च) विद्यालय नर्सको प्रसुति विदा सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन, २०७५ बमोजिम हुनेछ । आ-आफ्नो धर्म संस्कार अनुसार किरिया विदा साथै एक वर्षमा भैपरी र पर्व विदा जम्मा वाह्र दिन पाउनेछ। भैपरी र पर्व बिदा सम्बन्धित विद्यालयको प्र.अ. ले स्वीकृत गर्ने र अन्य विदाको हकमा सम्बन्धित स्थानीय तहले स्वीकृत गर्न सक्नेछ।

(छ) विद्यालयमा लामो बिदा (हिउदे/बर्षे/जाडो/गर्मी) भएको समयमा स्थानीय तहले विद्यालय नर्सलाई आफु मातहतको स्वास्थ्य संस्थामा खटाउन वा परिचालन गर्न सक्नेछ ।संस्थागत विदयालयको हकमा भने करार सम्झौता बमोजिम हुनेछ।

## परिच्छेद ५

## हेल्थ एम्बेस्डरको छनौट, जिम्मेवारी र क्षमता अभिवृद्धि

### १२. हेल्थ एमबेसडरको छनौट

(क) प्रत्येक विद्यालयमा एक जना हेल्थ एम्बेसडरको व्यवस्था गर्नुपर्नेछ। नियमित पठन पाठनमा असर नपर्ने गरी कक्षा ७ वा ८ मा अध्ययनरत एक जना छात्र र एक जना छात्रा सम्बन्धित विद्यालयको हेल्थ एम्बेस्डर तोक्नु पर्नेछ। विद्यार्थी संख्या ५०० सम्ममा दुई जना र सो भन्दा माथि भएमा सोही अनुपातमा हेल्थ एम्बेसडर थप गर्न सकिनेछ।



डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

## १३. हेल्थ एमबेसडरको जिम्मेवारी

(क) विद्यालय नर्सको सहकार्य र समन्वयमा बृहत यौनिकता शिक्षा, पोषण, खोप, किशोर किशोरीको प्रजनन स्वास्थ्य तथा स्वास्थ्य सम्बन्धी IEC/BCC सामाग्रीहरुबारे हेल्थ एम्बेसडरले विद्यार्थीहरुलाई सूचना प्रवाह गर्नुपर्नेछ।

(ख) विद्यालय प्रार्थनाको समयमा आवश्यक्ता अनुसार एक मिनेट स्वास्थ्य सम्बन्धी जानकारी दिनु पर्नेछ।

(ग) स्वास्थ्यका विभिन्न विषयहरु र विपद्/प्रकोप सम्बन्धि नाटक, प्रदर्शनी र हाजिरी जवाफ जस्ता सचेतना कार्यक्रम विद्यालय नर्ससँग समन्वय गरी संचालन गर्न सहयोग गर्नुपर्नेछ।

(घ)विद्यालय पोषण कार्यक्रममा प्रत्यक्ष सहभागी भई कार्यक्रमको योजना बनाउने, संचालन र व्यवस्थापन गर्न सहयोग गर्नु पर्नेछ।

(ङ) विद्यालयमा आवश्यक्ता अनुसार हेल्थ क्याम्प आयोजना गर्न सहयोग गर्नुपर्नेछ।

(च) समन्वयात्मक भूमिकाः हेल्थ एम्बेसडरले स्वास्थ्य सम्बन्धी कार्यहरु गर्नका लागी अनिवार्य रुपमा विद्यालय नर्ससँग समन्वय गर्नु पर्नेछ साथै अन्य विद्यार्थीहरु, बाल क्लब, साथी शिक्षक, शिक्षकरु र विद्यालय व्यवस्थापन समितिसँग पनि आवश्यक्ता अनुसार समन्वय गर्नुपर्नेछ।

(छ) हेल्थ एम्बेस्डरले आफूलाई रोल मोडेलको रुपमा स्थापना गर्नुपर्नेछ र हरेक कक्षाको एक जना विद्यार्थीलाई पनि साथी शिक्षाद्वारा स्वास्थ्य प्रवर्धन सम्बन्धि मेन्टरिङ्ग गरी थप हेल्थ एम्बेसडरहरु विकास गर्दै लैजानु पर्नेछ।

## १४. हेल्थ एम्बेसडरको क्षमता अभिवृद्धिः

विद्यार्थीहरुका लागी आवश्यक स्वास्थ्य सम्बन्धी सूचना एवम् जानकारीहरु विद्यालय नर्सले हेल्थ एम्बेसडरलाई अभिमुखिकरण गर्नुपर्नेछ। आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धी तालिम, गोष्ठी र अभिमुखिकरणमा स्थानीय तहसँग समन्वय गरी हेल्थ एम्बेसडरलाई समेत सहभागी गराउनुपर्नेछ।

डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

## परिच्छेद ६

## अभिलेखिकरण, अनुगमन र मुल्यांकन

**१५.अभिलेखिकरणः** यस कार्यक्रमको अभिलेखिकरण, अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) विद्यालय नर्सले अनुसूची ९ बमोजिम सम्पूर्ण बिद्यार्थीहरुको ब्यक्तिगत विवरण, पोषण र स्वास्थ्य अवस्थाको विवरण अद्यावधिक गराई राख्नुपर्नेछ ।

(ख) प्रत्येक महिनाको ७ गते भित्र अनुसूची १० बमोजिमको ढाँचामा मासिक प्रतिवेदन तयार गरी विद्यालय नर्सले सम्वन्धित विद्यालय र स्थानीय तहलाई बुझाउनुपर्नेछ।

(ग) दफा (९) बमोजिम व्यवस्था गरीएका नर्सले समेत दफा (१५) को खण्ड (क) बमोजिम अभिलेख अध्यावद्धिक गराई राख्नुपर्नेछ र उपदफा (ख) बमोजिम प्रतिवेदन तयार गरी स्थानीय तहलाई बुझाउने पर्नेछ।

(घ) विद्यालय नर्सबाट प्राप्त प्रतिवेदन र विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग कार्यक्रमसंग सम्वन्धित बिवरण स्थानीय तहले विभागलाई पठाउन पर्नेछ। स्थानीय तहले उक्त प्रतिवेदन Integrated Health Information management systems (HIMS)/Integrated Educational management Information system(IEMIS) मा बुझाउनुपर्नेछ ।

१६. सम्पादित कामहरुको अनुगमन र मुल्यांङ्कन विद्यालय स्वास्थ्य समन्वय समितिको रहनेछ ।

१७. आवश्यकता अनुसार महाशाखा र निर्देशक समितिले विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रमको अनुगमन र सुपरिवेक्षण गर्नसक्नेछ ।

१८. कार्यक्रम शुरु भएको ६ महिनामा समिक्षा र एकबर्ष पछि मुल्यांकन गर्नुपर्नेछ ।

डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

## परिच्छेद -७

## समितिहरु

**१९. निर्देशक समितिको गठन** (क) विद्यालय स्वास्थ्य कार्यक्रमको कार्यान्वयनको लागि नीतिगत ब्यवस्था, सल्लाह एवम् सुझाव अनुगमन तथा मूल्याङ्कन गर्न र आवश्यक निर्देशन प्रदान गर्न देहाय बमोजिमको निर्देशक समितिको गठन हुनेछ ।

(१) महानिर्देशक, स्वास्थ्य सेवा विभाग -अध्यक्ष

(२) निर्देशक, नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा -सदस्य

(३) महाशाखा प्रमुख, स्वास्थ्य प्रवध्दन हेर्ने, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग - सदस्य

(४) प्रतिनिधि (उपसचिवस्तर), नीति, योजना तथा अनुगमन महाशाखा -सदस्य

(५) प्रतिनिधि(उपसचिवस्तर), राष्ट्रिय स्वास्थ्य शिक्षा,सूचना तथा संचार केन्द्र -सदस्य

(६) प्रमुख, लेखा नियन्त्रक, स्वास्थ्य सेवा बिभाग -सदस्य

(७) प्रतिनिधि (उपसचिवस्तर),विद्यालय हेर्ने शाखा, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

(८ )कानून अधिकृत, स्वास्थ्य सेवा विभाग -सदस्य

(९) प्रतिनिधि, अभिभावक महासंघ -सदस्य

(१०) संस्थागत विद्यालयहरुको प्रतिनिधित्व गर्ने राष्ट्रिय स्तरको संस्थाका प्रमुख वा प्रतिनिधिहरु मध्ये अध्यक्षबाट मनोनित एक जना -सदस्य

(११) शाखा प्रमुख, नर्सिङ्ग **क्ष**मता बिकास शाखा -सदस्य सचिव

माथि तोकिएको सदस्यहरु मध्ये अध्यक्ष र सदस्य सचिव सहित ६ जनाको उपस्थितिमा बैठक बस्न सक्नेछ ।बैठकमा उपस्थित सदस्यहरुको सर्वसम्मत सहमती वा बहुमत सदस्यको सहमतिमा निर्णय गरिनेछ ।

**(ख) निर्देशक समितिको काम कर्तव्य र अधिकार**

(१) विद्यालय स्वास्थ्य कार्यक्रमको कार्यान्वयनको लागि नीतिगत ब्यवस्था, अनुगमन तथा मूल्याङ्कन गर्न र आवश्यक निर्देशन प्रदान गर्ने ।

(२) विद्यालय स्वास्थ्य सम्बन्धी नीति तथा योजना तर्जुमा गर्ने साथै आवश्यकता अनुसार मापदण्ड, निर्देशिका, कार्यविधि तर्जुमा गरी कार्यन्वयन गराउने ।

डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

(३) कार्यक्रम कार्यान्वयनका लागि राय परामर्श प्रदान गर्ने तथा कार्यक्रम संचालनमा कुनै द्वविधा आएमा सहजीकरण र समाधानका उपायहरु खोज्ने।

(४) प्रत्येक प्रदेश सरकारले विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गर्न चाहेमा आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी स्थानीय तहसँग समन्वयमा संचालन गर्न सक्नेछ।

**२०. विद्यालय स्वास्थ्य समन्वय समितिको गठनः** (क) विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको विद्यालय स्वास्थ्य समन्वय समिति रहेनेछ।

(१) उप प्रमुख, स्थानिय तह -संयोजक
(२) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(३) प्रमुख, शिक्षा शाखा, सम्बिन्धत स्थानिय तह -सदस्य
(४) संयोजकले तोकेको स्थानीय तहका प्रधानाध्यापक मध्ये १ जना -सदस्य
(५) संयोजकले तोकेको स्थानीय तहका विद्यालय नर्सहरु मध्येबाट १ जना -सदस्य
(६) सम्बन्धित वडाको अध्यक्ष र महिला सदस्य (२ जना) -सदस्य
(७) संयोजकले तोकेको विद्यालय व्यवस्थापन समिति मध्येबाट १ जना - सदस्य
(८) प्रमुख,स्वास्थ्य शाखा (सम्बिन्धत स्थानिय तह) -सदस्य सचिव

**(ख) विद्यालय स्वास्थ्य समन्वय समितिको काम, कर्तव्यः**

(१) विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक सुधारका लागि स्थानीय तहसँग समन्वय गरी आवश्यक सुझाव प्रदान गर्ने।
(२) विद्यालय स्वास्थ्य सेवा सञ्चालनको लागि आवश्यक सामाग्री, औषधी, तालिम लगायतको विषयमा विद्यालय र स्थानीय तह विच समन्वय र सहजिकरण गर्ने।
(३) विद्यालय स्वास्थ्य तथा नर्सिङग सेवा कार्यक्रम सञ्चालनको क्रममा आएका विवादलाई समाधान र सहजिकरण गर्ने।
(४) स्थानीय तहमा यस निर्देशका अनुरुप विद्यालय स्वास्थ्य सेवा सञ्चालन भए नभएको नियमित अनुगमन गर्ने।
(५) विद्यालय नर्सलाई काम गर्न अनुकुल वातावरणको सृजना गर्ने।
(६) आवश्यकअनुसार औषधि, उपकरण र औषधिजन्य सामानहरुको सुनिश्चितत गर्ने।
(७) विद्यालयमा सुर्तिजन्य पदार्थ, मदिराजन्य पदार्थ, अल्ट्राप्रोसेसड खाना, अत्याधिक चिनीयुक्त पेय पदार्थको प्रयोगमा नियन्त्रण, स्वच्छ खानेपानी, छात्रामैत्री शौचालय लगायतका स्वास्थ्य



डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

मैत्री पुर्वाधार भए नभएको सन्दर्भमा आएका सुझावलाई कार्यान्वयन गर्ने र वालवालिका मैत्री विद्यालय वातावरण निर्माण गर्ने।

**२१. विद्यालय स्वास्थ्य इकाईः** (क) विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गर्नका लागी देहाय बमोजिमको विद्यालय स्वास्थ्य इकाई रहनेछः

(१) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -संयोजक

(२) महिला शिक्षक एक जना (प्र.अ) ले तोकेको -सदस्य

(३) हेल्थ एम्बेसडर -सदस्य

(४) सम्बन्धित विद्यालयमा स्वास्थ्य शिक्षा अध्यापन गराउने प्र अ.ले तोकेको एक जना -सदस्य

(५)प्रतिनिधि, अभिभावक संघ -सदस्य

(६) विद्यालय नर्स एक जना -सदस्य सचिव

**(ख) काम, कर्तव्य र अधिकारः** विद्यालय स्वास्थ्य इकाईबाट देहाय बमोजिमको कार्यहरु हुनेछन्

(१) विद्यालयमा संचलान गर्नु पर्ने स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जुमा गर्ने।

(२) विद्यालयमा स्वास्थ्य सेवा प्रदान गर्ने आवश्यक पर्ने उपकरण लगायत औषधिको व्यवस्था गर्न विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्ने।

(३) विद्यार्थिहरुको विभिन्न समूहमा स्वास्थ्यसँग सम्बन्धित क्रियाकलापहरु गर्न सहजिकरण गर्ने।

(४) विद्यालयको योजना कार्यक्रम र क्यालेण्डर बनाउदा विद्यालय स्वास्थ्य सेवा सम्बन्धि कार्यक्रम भए नभएको विषयमा सुनिश्चितता गर्ने।

(५) आश्यकता अनुसार बैठक बसी स्वास्थ्य सेवा सम्बन्धी अन्य कार्यहरु गर्ने।

डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, का

## परिच्छेद ८

## विविध

२२. विद्यालय स्वास्थ्य इकाईको भौतिक पुर्वाधार, उपकरण र औषधिजन्य सामानहरू अनुसुची ३ बमोजिम हुनेछ ।

२३. प्रदेश र स्थानीय तहले यस निर्देशिकालाई नमुनाको रुपमा प्रयोग गर्न सक्नेछन तथा मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीहरु शंसोधन गर्न सक्नेछ।

२४. खारेजी र बचाउः (१) विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम निर्देशिका, २०७६ खारेज गरिएकोछ ।

(२) विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम निर्देशिका, २०७६ अन्तर्गत भए गरेका काम कारवाहीहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ।

डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

# अनुसूची १

## (दफा ४ को खण्ड (क) संग सम्वन्धित)

## विद्यालय नर्सको छनौट प्रक्रिया

### १. विद्यालय नर्सको योग्यता

क) नेपाली नागरीक भएको हुनुपर्ने,
ख) न्यूनतम शैक्षिक योग्यताः नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तिर्ण गरेको,
(ग) ४५ वर्ष ननाघेको,
(घ) नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको स्टाफ नर्स,
(ङ) अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको,
(च) सम्वन्धित स्थानीय तहमा उम्मेदवारलाई प्राथमिकता दिइने छ ।

### २.विद्यालय नर्सको छनौट प्रक्रिया

(क) विद्यालय नर्सको छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ ।

| क्र.सं. | छनौट प्रक्रियाहरु | पूर्णाङ्क |
|---|---|---|
| १ | लिखित परीक्षा | ५० |
| २ | शैक्षिक योग्यता | १५ |
| | विशिष्ट श्रेणी (१५) | |
| | प्रथम श्रेणी (१०) | |
| | दोश्रो श्रेणी र तृतीया श्रेणी (५) | |
| ३ | वसोवासको आधारमा | ५ |
| | सम्वन्धित स्थानीय तहको वासिन्दा भएमा (५) | |
| | सम्वन्धित जिल्लाको वासिन्दा भएमा (३) | |



डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

| | | |
|---|---|---|
| | सम्वन्धित प्रदेशको वासिन्दा भएमा (२) | |
| ४ | अन्तर्वाता | ३० |
| | **जम्मा** | १०० |

(१)लिखित परिक्षा बस्तुगत प्रश्नमा आधारित ५० पूर्णमङ्कको हुनेछ । परीक्षाको पाठयक्रम लोक सेवा आयोगको स्टाफनर्स पदको लागि तयार गरेको पाठ्यक्रम नै विद्यालय नर्सको छनौट प्रयोजनको लागि पाठ्यक्रम हुनेछ । लिखित परिक्षाको उत्तिर्णङ्क ४० प्रतिशत हुनेछ । लिखित परिक्षामा उत्तिर्ण हुने उम्मेदारलाई मात्र बाँकी छनौट प्रक्रियामा संलग्न गराइनेछ ।

(२) शैक्षिक योग्यता, बसोवास र अन्रर्वाताको आधारमा माथि तालिकामा उल्लेख गरीए बमोजिमको अनुपातमा अंक प्रदान गरीनेछ ।

(३) अन्तरवार्ताको अंक प्रदान गर्दा न्यूनतम बाह्र र अधिकतम एक्काईसको सीमाभित्र रही प्रदान गर्नुपर्नेछ । सो भन्दा बढी वा घटी अंक प्रदान गरेको खण्डमा औचित्य पृष्टि हुने कारण उल्लेख गर्नुपर्नेछ ।

डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

## अनुसूची २

### (दफा ४ को खण्ड (ग) संग सम्वन्धित)

### स्थानिय तह र विद्यालय वीचको सम्झौताको ढाँचा

लिखितम................... जिल्ला.......................... महानगरपालिका/उपमहानगरपालिका/ नगरपालिका गाउँपालिका (विद्यालय नर्स राख्ने स्थानीय तह) यसपछि प्रथम पक्ष भनिएको र........................ विद्यालय.................(यसपछि दोश्रो पक्ष भनिएको) वीच भएको यस सम्झौता पत्र अनुसार देहायका शर्तको अधिनमा रही सेवा उपलब्ध गराउन दुवै पक्षको अधिकार प्राप्त अधिकारीको संयुक्त दस्तखत गरी सम्झौता गरी दुवै पक्षले एक एक प्रति दियौ लियौ ।

**सम्झौताका शर्तहरु**

१. विद्यालय नर्सको नियुक्ति गर्ने, तलब भत्ता, वृत्ति विकास तथा सेवा सुविधा सम्वन्धी व्यवस्था सरकारी विद्यालय हकमा स्थानीय तहले गर्ने र निजी विद्यालयको हकमा यो जिम्मेवारी दोश्रो पक्षको हुनेछ र सोको नियमन प्रथम पक्षले गर्नेछ ।

२. विद्यालय स्वास्थ्य एकाइका लागि आवश्यक पूर्वाधार दोश्रो पक्षले मिलाउनुपर्नेछ ।

३. स्वच्छ खानेपानी, किशोर किशोरीमैत्री शौचालय, फोहोरमैला व्यवस्थापन दोश्रो पक्षले तथा अनुसूचि १० बमोजिम अन्य आवश्यक सामाग्री तथा उपकरणको व्यवस्थापन प्रथम पक्षले गर्नुपर्ने छ।

५. दोस्रो पक्षले समय समयमा विद्यार्थीहरुको स्वास्थ्यको प्रगति विवरण प्रथम पक्षलाई उपलब्ध गराउनुपर्नेछ ।

६.विद्यालय नर्सले सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन, २०७५ बमोजिमको प्रसूति विदा, आ आफ्नो धर्म संस्कार अनुसार किरिया विदाका साथै एक वर्षमा भैपरी र पर्व विदा गरी १२ दिन पाउनेछ ।

७. सम्वन्धित विद्यालय नर्स विद्यालयको प्रधानाध्यापकको प्रत्यक्ष निर्देशनमा रही काम गर्नुपर्नेछ । साथै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखको समन्वयमा रही कामकाज गर्नुपर्नेछ ।

८. दुवै पक्षको समक्षदारीमा शर्तहरु फेरवदल गर्न सकिनेछ ।



डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या ...
रामशाहपथ, काठमा...

**प्रथम पक्ष**

स्थानीय स्थानीय तहको तर्फबाट

प्रमुख प्रशासनीय अधिकृत

नामः

सहीः

कार्यालयः

छापः

साक्षीः

प्रथम पक्षका तर्फबाट

१.

२.

३.

**दोश्रो पक्ष**

विद्यालयको तर्फबाट

प्रधानाध्यापक

नामः

सहिः

विद्यालयको नामः

छापः

दोश्रो पक्षका तर्फबाट

१.

२.

३.

इति सम्वत्................ साल......................महिना............. गते.............. रोज शुभम्

**डा. रोशन पोखरेल (१८२४१५)**
सचिव

नेपाल स...
स्वास्थ्य तथा जनस...
रामशाहपथ, ...

## अनुसूची ३
## (दफा २२ संग सम्वन्धित)
## विद्यालय स्वास्थ्य इकाईको भौतिकक पूर्वाधार, उपकरण र औषधीजन्य सामानहरु

### कार्यकक्ष व्यवस्थापन

- कुर्सी -३, टेवल -२, ल्यापटप (इन्टरनेट सुविधा सहित) -१, दराज-२, बेन्च-१
- सुचनापाटी १ स्वास्थ्य शिक्षा सामाग्री र प्रदर्शन वोर्ड
- कपडा  राख्ने र्‍याक र हाजिर १ आवश्यकता अनुसार अन्य कपडा आदी
- हात धुने सुविधा
- स्टेशनरी आवश्यकता अनुसर, लगबुक, रजिष्टर
- पर्दा तथा अन्य सामाग्री आवश्यकता अनुसार विद्यालयले थपघट गर्न सक्नेछन् ।

क्लिनिक Setup:

| Equipment | Required Quantities | Remarks |
|---|---|---|
| Examination bed with mattress blankets and pillow | 1 | |
| Sick Room with bed with mattress blankets and pillow | 1 | |
| Foot step | 1 | |
| Weight machine | 1 | |
| Height machine | 1 | |
| Torch Light | 1 | |



डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

| | | |
|---|---|---|
| Measuring Tape (MUAC) | 1 | |
| Knee hammer | 1 | |
| Shellen chart | 1 | |
| Tunning fork | 1 | |
| First Aid Kit with basic medicine, First Aids Chart | 1/1 | |
| Sanitary pads (Dignified menstrual hygiene set) | As needed | |

नोटः माथि उल्लेखित उपकरणहरु नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको हुनुपर्ने छ ।

डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

अनुसूची ४

दफा ६ को उपदफा (क) सँग सम्बन्धित

स्वास्थ्य प्रवर्धनात्मक विद्यालयको सूचकहरु

| क.स | मापदण्ड/सूचक | १ (छ) | ० (छैन) |
|---|---|---|---|
| १ | **राष्ट्रिय नीति तथा श्रोत सुनिश्चितता** | | |
| १.१ | राष्ट्रिय शिक्षा नीति, विद्यालय स्वास्थ्य सम्बन्धि नीति, रणनीति, निर्देशिका | | |
| १.२ | संघ, प्रदेश र स्थानीय तहको शिक्षा मन्त्रालय र स्वास्थ्य हेर्ने मंत्रालय बिच विद्यालय स्वास्थ्य कार्यक्रम संचलान सम्बन्धि समन्वय | | |
| १.३ | विद्यालय स्वास्थ्य कार्यक्रम लागू गर्न आवश्यक जनशक्ति, जनशक्तिको क्षमता अभिवृद्धि र बजेट तीनै तह तथा सम्बन्धित विद्यालयबाट व्यवस्थापन | | |
| १.४ | कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र पृष्ठपोषणको आधारमा योजना बनाउने | | |
| २ | **विद्यालय नीति** | | |
| २.१ | राष्ट्रिय नीति बमोजिम विद्यालयको नीति, योजना | | |
| २.२ | विद्यालयको नीतिमा व्यवस्थापन समिति, शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरुको जिम्मेवारी उल्लेख गरीएको | | |
| २.३ | स्वास्थ्य प्रवर्धानात्मक क्रियाकलापहरु (**Screening, exhibition, workshop, quiz/debates**) सहितको वार्षिक योजना | | |
| २.४ | विद्यालय नर्स र हेल्थ एम्बेसडरको व्यवस्था | | |
| २.५ | नीति निर्माण र योजना तर्जुमा गर्दा सरोकारवाला निकायहरुको सक्रिय सहभागिता | | |
| २.६ | स्थानीय असल खानपान प्रवर्द्धन र अति प्रशोधित खाना र गुलियो पेय पदार्थ निरुत्साहित गर्न विद्यालय पोषण सम्बन्धि नीति | | |
| २.७ | नीति र योजना कार्यान्वयन गर्न आवश्यक श्रोत सुनिश्चित | | |



डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

| | | | |
|---|---|---|---|
| ३ | **सुशासन र नेतृत्व** | | |
| ३.१ | आवश्यक्ताको प्राथमिककरण गरी योजना बनाउन नियमित रुपमा व्यवस्थापन समितिको बैठक | | |
| ३.२ | शिक्षक,कर्मचारी, विद्यार्थीहरु, अभिभावक र व्यवस्थापन समितिका सदस्यहरुको स्वास्थ्य प्रवर्धन समबन्धि नेतृत्व विकास गर्ने अवसर | | |
| ४ | **साझेदारी र समन्वय** | | |
| ४.१ | स्वास्थ प्रवर्धन सम्बन्धि कार्यक्रममा विद्यार्थी, अभिभावकहरुको सक्रिय सहभागिता | | |
| ४.२ | स्थानीय तह, समुदाय र अन्य सरोकारवालासँग साझेदारी र समन्वय | | |
| ५ | **पाठ्यक्रम** | | |
| ५.१ | विद्यार्थीको शारीरिक, मनोसामाजिक, भावनात्मक स्वास्थ्यलाई ध्यानमा राखि तयार भएको पाठ्यक्रम लागू भएको | | |
| ५.२ | स्वास्थ्य सम्बन्धि जानकारी मुलक र जीवन शैली/व्यवहार परिवर्तन सम्बन्धि | | |
| ५.३ | विद्यार्थीहरुको सक्रिय सहभागितामा पाठ्यक्रम तयार | | |
| ५.४ | शिक्षक र कर्मचारीहरु स्वास्थ्य साक्षर भएका | | |
| ५.५ | आवश्यक्ता अनुसार समय समयमा पाठ्यक्रम परिमार्जन | | |
| ६ | **सामाजिक भावनात्मक वातारण** | | |
| ६.१ | सुरक्षित, स्वास्थ्य र सिकाइमैत्री वातारण | | |
| ६.२ | विद्यार्थीहरुमा आत्मविश्वास बढाउने र उत्प्रेरित गर्ने वातावरण | | |
| ६.३ | सम्मानजनक वातावरण | | |
| ७ | **भौतिक वातारण** | | |
| ७.१ | पर्याप्त प्रकाश | | |
| ७.२ | स्थानीय जडिबुटी सहितको हरित बँगैचा, कम्पाउन्ड घेरिएको | | |
| ७.३ | सुरक्षित पिउने पानीको उपलब्धता | | |



डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

| | | | |
|---|---|---|---|
| ७.४ | किशोर, किशोरीका लागी छुट्टै शौचालयको व्यवस्था | | |
| ७.५ | हात धुने ठाँउ (पानी र साबुन सहित) | | |
| ७.६ | महिनावारी स्वास्थ्य व्यवस्थापन | | |
| ७.७ | योग, ध्यान, खेलकुदको लागी मैदान र खेलकुदका सामग्रीहरु | | |
| ७.८ | पठनपाठनको लागि पर्याप्त प्रकाश र हावा खेल्ने कक्षाकोठा र सामाग्रीहरु | | |
| ७.९ | विद्यालय स्वास्थ्य कार्यक्रम संचालनका लागि कोठा र सामाग्री | | |
| ७.१० | विद्यालय, अभिभावक र आगान्तुकका सवारी साधनहरुको लागि पार्किङ क्षेत्र | | |
| ७.११ | विद्यार्थी, शिक्षक र कर्मचारीहरुका लागि यातायातको व्यवस्था | | |
| ७.१२ | विद्यार्थीहरुको अनुपातमा क्यान्टिनको व्यवस्था र सन्तुलित, ताजा खानाको व्यवस्था | | |
| ७.१३ | अपाङ्ग मैत्री भौतिक पूर्वाधार | | |
| ७.१३ | विपद/प्रकोप/महामारी जस्ता बेलामा दुर शिक्षा पद्धति | | |
| ८ | **विद्यालय स्वास्थ्य सेवा** | | |
| ८.१ | विद्यार्थीहरुको पहुँचमा स्वास्थ्य सेवा | | |
| ८.२ | विद्यालय पोषण कार्यक्रम संचालन (Vit A, IFA, Deworming) | | |
| ८.३ | बालवालिका र किशोरकिशोरीहरुमा हुने रोगहरुको स्क्रिनिङग र प्रेषण | | |
| ८.४ | नियमित रुपमा नाक, कान, घाँटी, आँखाको स्क्रिनिङ्ग | | |
| ८.५ | विद्यार्थी, शिक्षक र कर्मचारीहरुको BMI जाँच | | |
| ८.६ | प्राथमिक उपचार | | |
| ८.७ | उपचारत्मक सेवाको लागी स्वास्थ्य संस्थासँग समन्वय र प्रेषण प्रणाली | | |
| ८.८ | व्यवहार परिवर्तन सम्बन्धि IEC/BCC सामग्रीहरु उपलब्धता | | |
| ८.९ | स्वास्थ्य सम्बन्धि सचेतना कार्यक्रम | | |
| ८.१० | अभियान खोप कार्यक्रम संचालन | | |



डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

| | | | |
|---|---|---|---|
| ८.११ | Disaster preparedness and response plan | | |
| ८.१२ | परामर्श र स्वास्थ्य शिक्षा | | |
| ८.१३ | उचित तरिकाले फोहोर व्यवस्थापन | | |

